

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्र्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३


# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily


रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस १४ गते बिहीबार ❑ 27 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई एक वर्षसम्म सबै शुल्कमा छुट दिइने

**रासस**

**पोखरा, १३ पुस**

सरकारले पर्यटकीय नगरी पोखरामा नवनिर्मित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई विभिन्न शुल्कमा शतप्रतिशत छुट दिएको छ।

नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का अनुसार नयाँ अन्तर्राष्ट्रिय विमानस्थलमा एयरलाइन्सलाई आकर्षित गर्न एक वर्षसम्म विमानस्थलको सेवा शुल्कमा सतप्रतिशत छुट दिने निर्णय गरिएको हो । क्यानका प्रवक्ता जगन्नाथ निरौलाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्णयअनुरुप पोखरा विमानस्थल सञ्चालनमा आएको मितिदेखि एक वर्षसम्मका लागि अन्तर्राष्ट्रियतर्फको उडान र अवतरणमा शतप्रतिशत छुट दिने निर्णय भएको जानकारी दिनुभयो । उहाँकाअनुसार विमानस्थलमा अवतरण शुल्क, विसन शुल्क, सञ्चार तथा उड्डयन शुल्क र सुरक्षा जाँच शुल्कमा शतप्रतिशत छुट दिने निर्णय भएको छ। यस्तो छुट अन्तर्राष्ट्रिय उडान भर्ने स्वदेशी तथा विदेशी एयरलाइन्सले पाउनेछन् । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल यहीबाट पुस १७ गते (सन् २०२३ जनवरी १ तारिख) देखि व्यावसायिक उडान सञ्चालन गर्ने क्यानले घोषणा गरिसकेको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्ने कार्यतालिका रहेको छ। विमानस्थल उद्घाटन बिहान ११ बजे हुने र औपचारिक समारोहपछि विमानस्थलमा अन्य कार्यक्रम पनि सञ्चालन हुने क्यानले जनाएको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा यही पुस ७ गते निजी क्षेत्रका अग्रणी विमान कम्पनी बुद्ध एयर र यती एयरलायन्सले आफ्नो परीक्षण उडान गरिसकेका छन्। त्यस्तै गुण एयरलाइन्सले पनि परीक्षण उडान गरेको छ। विमानस्थल सञ्चालनका लागि तयार भएसँगै मुलुकमा अन्तर ष्ट्रिय विमानस्थलको सङ्ख्या तीन पुगेको छ । पोखरा विमानस्थलमा एरो थाई कम्पनीको जहाजले गत मङ्सिर ५ देखि ११ सम्म एक साता सफलतापूर्वक यान्त्रिक उडान गरेको थियो । यान्त्रिक उडानको प्रतिवेदन सकारात्मक आएसँगै विमानस्थल व्यावसायिक उडानयोग्य भएको हो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको ७१ वर्षपछि मुलुकभित्र दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको थियो । त्यसको सात महिनापछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनयोग्य भएको हो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख विक्रम गौतमले विमानस्थलमा व्यावसायिक उडान सञ्चालनका लागि सम्पूर्ण तयारी पूरा भएको बताउनुभयो।

विमानस्थल सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन, अध्यागमन, भन्सार, मेडिकल, सुरक्षा व्यवस्थालगायतका सम्पूर्ण तयारी पूरा गरिएको छ । तीन हजार नौ सय रोपनी क्षेत्रफलमा फैलिएको पोखरा विमानस्थल झण्डै रु २२ अर्ब लागतमा निर्माण भएको छ । विमानस्थलमा दुई हजार पाँच सय मिटर लम्बाइ र ४५ मिटर चौडाइको धावनमार्ग रहेको छ । उडान सञ्चालनअघि विमानस्थलको पूर्वपट्टि पर्ने रिट्ठेपानी डाँडा कटानको काम पनि अन्तिम चरणमा पुगेको विमानस्थलले जनाएको छ। पहिलो चरणअन्तर्गत १६ मिटर कटान गरी यान्त्रिक उडान गरिएको थियो । धावनमार्गको 'अप्रोच' पर्ने भएकाले ४० मिटर डाँडाकाटेर समतल बनाइनेछ । ठेकेदार कम्पनी उमा एन्ड गाल्भा जेभीसँग वैशाखसम्ममा डाँडा कटान गरिसक्नुपर्ने सम्झौता छ। विमानस्थल सञ्चालनका लागि चुनौतीका रूपमा रहेको ल्यान्डफिल साइटमा मङसिर १८ देखि फोहोर फाल्न बन्द गरिएको छ । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा अन्तर ष्ट्रिय विमानस्थल पोखराका लागि गौरवको विषय भएकाले यसलाई सुव्यवस्थितरूपमा सञ्चालन गरिनुपर्नेमा जोड दिनुभयो।

पोखरा विमानस्थलले पोखरालाई सिधै विश्व बजारसँग जोड्ने भएकाले यसको विशिष्ट महत्त्व रहेको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार पोखरामा दैनिक २० हजारभन्दा बढी पर्यटकलाई स्तरीय होटेल तथा आवासको सुविधा दिन सकिन्छ । चार वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा सुरु भयो सडक महोत्सव

**पोखरापत्र संवाददाता**

**पोखरा, १३ पुस**




भूकम्प र कोभिड-१९ बाट प्रभावित पोखरा क्षेत्रको समग्र पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले बुधबार देखि पोखरामा पोखरा सडक महोत्सव सुरु हुने भएको छ।

अगेंजी नयाँ बर्षको अवसरमा पोखराको लेकसाइडमा यही पुष १३ देखि १७ गतेसम्म आयोजना हुने सडक महोत्सवले समग्र पोखरा र पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धनमा थप टेवा पुर्‍याउने आयोजक रेवान पोखराका अध्यक्ष एवं महोत्सव संयोजक नरेश भट्टराईले बताए।

यस बर्ष पाँच दिने चल्ने पोखरा सडक महोत्सवले यस क्षेत्रको पर्यटन र आर्थिक चलायमान बनाउन महत्वपूर्ण भुमिका खेल्ने भएको उनले जनाए। उनले भने 'यो सिजनमा मेला र महोत्सव मात्र होइन तमुहरुको महान पर्व ल्होछार, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिताले पनि यस क्षेत्रको पर्यटन प्रबर्द्धनमा राम्रै उत्साह जगाएको छ।' पोखरामा अगेंजी नयाँ बर्षको अवसरबाट नयाँ विमानस्थलबाट हवाई उडान र अन्तराष्ट्रिय उडानको तयारीले पनि आफुहरुमा थप उत्साहित र आशाबादी बनाएको संयोजक भट्टराईले बताए।

'सडकमै खाऔं, सडकमै रमाऔं भन्ने नारा सहित लेकसाइडको ३ किलोमिटर क्षेत्रलाई महोत्सवमय बनाउने आफुहरुले तयारी पूरा गरेको संयोजक भट्टराईले बताए। महोत्सवका मुख्य आकर्षणको रुपमा राष्ट्रिय तथा अन्तर ष्ट्रिय कलाकारको प्रस्तुतीः, साँस्कृतिक कार्यक्रम, भारतिय, नेपालका लोपउन्मुख साँस्कृतिक कार्यक्रम, सडक मै राष्ट्रिय तथा अन्तराष्ट्रिय खानाका परिकारहरु, विभिन्न मनोरञ्जनात्मक खेलकुद कार्यक्रम, हस्तकला प्रदर्शनी, साहसिक पर्यटक खेलकुद वृतचित्त प्रदर्शनी, बालउद्यान, लाइभ कन्सर्ट प्रस्तुति हुने भएको छ।

बोट रेस, खुल्ला भेट्रान्स टेनिस प्रतियोगिता, वेटर रेस, टग अफ वार र पोखराका प्रमुख गन्तव्य सहितको डकुमेन्टि प्रर्दशन हुने भएको छ। संयोजक भट्टराईले भने 'हामीले आगन्तुक पाहुनालाई राम्रो आतिथ्यता दिने हो, हाम्रा रेष्टुरेण्ट तथा होटलको मुल्य सुचि ५ दिनको लागि छुट्टै प्रकासित गर्ने छौं, त्यो मुल्यमा कसैले बढी लिएको उजुरी परेमा पनि हामीले ठगि मुद्धा चलाउनको लागि सिफारिससम्म गर्ने छौं ।' रेष्टुरेण्ट एण्ड बार एसोसियसन (रेबान) पोखराका निवर्तमान

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कस्केली जनताका समस्या जोड्दार ढंगले उठाउँछु: सांसद बैरागी

**पोखरापत्र संवाददाता**

**पोखरा, १३ पुस**



कास्की-३ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित नेकपा एमालेका दामोदर पौडेल बैरागीले संसदमा जनताका समस्याबारे सक्रिय भएर आवाज उठाउने प्रतिबद्धता जनाएका छन् ।

एमालेनिकट पत्रकारहरुको संस्था प्रेस चौतारीमा आवद्ध पत्रकारसँग बुधबार भएको भेटमा उनले जनताका समस्या समाधान गर्न आफू सधैं तत्पर रहेको बताए । 'म सांसद नहुँदा पनि पार्टीकै विभिन्न कमिटीमा बसेर जनतासँगै थिएँ । अब जनप्रतिनिधि भएर एउटा भूमिका थपिएको छ। संसदमा कास्कीका समस्या जोड्दार ढंगले उठाउँछु,' उनले भने । उनले चुनावमा केही विकास निर्माणका काम गर्ने प्रतिबद्धता जनाएकाले ती काम सम्पन्न गर्न सक्रिय भएर लाग्ने बताए । आफ्नो पाँच वर्षे कार्यकालमा वडा कार्यालय पुग्ने बाटो पक्की बनाउने योजना सांसद बैरागीले सुनाए । आफ्नो निर्वाचन क्षेत्र ग्रामीण भूभाग बढी भएको र सडकको पहुँच नपुगेकाले त्यसतर्फ आफ्नो ध्यान जाने सांसद बैरागीको भनाइ थियो । 'हाम्रोमा सबै गाउँले भेग छ। ती ठाउँबाट वडा कार्यालयमा पुग्न पाँच वर्षभित्र पक्की बाटो हुनपर्छ भन्ने भिजन छ । कति वडा, कति प्रदेश, कति संघले सक्छ त्यहीअनुसार गर्छौं,' उनले भने। सांसद बैरागीले ठूलो भूगोल भए पनि स्वास्थ्य सेवाको पहुँच निकै कम भएकाले एक पालिका एक अस्पताल योजनालाई अघि बढाउने सुनाए । 'म निर्वाचित भएको क्षेत्रमा राम्रो सरकारी अस्पताल बनाउन चाहन्छौं । ४ वटा अस्पताल र एउटा राजमार्ग अस्पताल बनाउन पहल गर्ने छु,' उनले भने। खानेपानीका योजनाको निर्माण सक्ने गरी आफूले सम्बन्धित निकायसँग सहकार्य गर्ने सांसद बैरागीले बताए।

कास्की-३ मा घान्द्रुक, ल्वाङ, लान्द्रुक, अन्नपूर्ण पदमार्ग, मर्दी हिमाल पदमार्ग पर्छन् । तर, सबै उत्पादन बजारकै खुवाइने गरेकोमा चिन्ता व्यक्त गरे । यो समस्या समाधान गरेर गाउँमा गाउँकै उत्पादन खुवाउने गरी 'इको रिसोर्ट'बनाउने योजनाअनुसार अघि बढ्ने सुनाए । अन्न, तरकारी, फलफूल, मासु र दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउने महत्वाकांक्षा बोकेर योजना निर्माणमा खटिने सांसद बैरागीले बताए।

## गण्डकी प्रदेशसभा : कांग्रेस संसदीय दलको नेतामा पाण्डे

**पोखरापत्र संवाददाता**

**पोखरा, १३ पुस**



गण्डकी प्रदेशसभामा नेपाली कांग्रेसको संसदीय दलको नेतामा सुरेन्द्र पाण्डे विजयी बन्नुभएको छ।

संसदीय दलको नेताका लागि बुधबार भएको निर्वाचनमा पाण्डेले १८ मत ल्याएर बिजयी बन्नुभएको हो। उहाँका प्रतिस्पर्धी भोजराज अर्यालले आठ मत प्राप्त गर्नुभएको छ । निर्वाचनमा एक मत बदर भएको थियो। साठी सदस्यीय गण्डकी प्रदेशसभामा कांग्रेसमा २७ सांसदसहित सबैभन्दा ठूलो दल हो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

## बुद्ध एयरले सबै उडान पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट गर्ने

**पोखरापत्र संवाददाता**

**पोखरा, १३ पुस**

बुद्ध एयरले यही पुस १७ गतेदेखि सबै उडान नवनिर्मित पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट सञ्चालन गर्ने भएको छ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थल अङ्ग्रेजी वर्ष २०२३ को १ जनवरीदेखि व्यवसायिकरूपमा सञ्चालनमा ल्याउने नेपाल नागरिक उड्डयन प्राधिकरणले घोषणा गरिसकेको छ। भौतिक पूर्वाधारले निकै राम्रो मानिएको नयाँ विमानस्थलबाट उडान भर्न सम्पूर्ण तयारी गरिएको कम्पनीले जनाएको छ । बुद्ध एयरले नयाँ विमानस्थलबाट उडान हुने भएकाले यात्रुलाई निश्चित समयमा जाँचका लागि अनुरोध गरेको छ । उक्त विमानस्थलमा आइएफआर प्रविधि पनि जडान गरिएकाले अब कम भिजिविलिटीमा पनि उडान भर्न सकिने छ । यस विमानस्थलमा यात्रुलाई टर्मिनल भवनबाट जहाजसम्म ल्याउन पुर्‍याउन ऱ्याम्प बस राखेको छ। यात्रु जहाज र टर्मिनल भवन आउजाउ गर्न ऱ्याम्प बसको प्रयोग गर्नुपर्ने हुन्छ। पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा बुध्द एयरका लागि जाँच काउण्टर नं ३, ४ र ५ तोकिएको छ। सामानको तौल तथा सुरक्षा जाँचमा समय लाग्ने हुँदा समयमै यात्रुलाई प्रवेश गर्न बुद्ध एयरले अनुरोध गरेको छ।

नयाँ विमानस्थलमा अभ्यस्त हुन केही समय लाग्ने हुँदा पोखराबाट यात्रा गर्ने यात्रुले टिकटमा उल्लेख गरिएको समयभन्दा दुई घण्टा अगाडि विमानस्थल पुगेर जाँच गर्न बुद्ध एयरले विशेष आग्रह गरेको छ।

बुद्धले पोखरा विमानस्थलबाट काठमाडौं जस्तै देशका हरेक गन्तव्यलाई क्रमशः जोड्दै लैजाने जनाएको छ । नागरिक प्राधिकरणको अनुमतिमा २३ फेब्रुअरीदेखि रात्रिकालिन उडान पनि गरिने छ।

अन्तरराष्ट्रियतर्फ अनुमति पाएलगत्तै बुद्ध एयरले पोखराबाट भारतको वाराणसी पनि उडान भर्ने योजना बनाएको छ । बुद्ध एयरसँग ११ एटीआर-७२, तीन एटीआर-४२ जहाज रहेका छन्। निकट भविष्यमै बुद्ध एयरले थप तीन एटीआर-७२ जहाज भित्र्याउन लागेको छ।

# मैत्रिपूर्ण फुटवलमा गण्डकी ११ लाई पराजित गरी स्पेनको काथेरेन्यो क्लब विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

पोखरा रंगशालामा बुधबार भएको मैत्रीपुर्ण फुटबल खेलमा घरेलु टीम गण्डकी ११ लाई पराजित गर्दै स्पेनको काथेरेन्यो क्लब विजयी भएको छ। लुम्बिनी गार्डेन फाउन्डेसनको आयोजनामा स्पेनको बी डिभिजनको काथेरेन्यो क्लवले गण्डकी ११ लाई ३-० गोल अन्तरले पराजित गरी विजयी भएको हो।



काथेरेन्योको जितमा कार्मीलो, मिचेल र बेर्मुले एक एक गोलको योगदान दिए । काथेरेन्योले पहिलो हाफमा गण्डकी ११ माथि २–० को अग्रता कायम गरेको थियो। पहिलो हाप देखि खेलमा निकै हावी भएको काथेरेन्यो क्लबले पाएका केही अवसर खेर समेत गएका थिए। डिवक्स भित्रबाट उत्कृष्ट गोल गरी अग्रता दिलाएका कार्मीलो गोल भएको केही मिनेटमै स्पेनका पुर्व राष्ट्रिय खेलाडी भेट्रान मिचेल डिबक्स भित्र बाट सुन्दर गोल गर्दै गोल संख्या दोब्बर बनाएका थिए।

गण्डकी ११ ले शुरुवात देखि नै रक्षात्मक खेल खेलेको थियो। दोस्रो हाफमा गण्डकी ११ ले केहि खेल सुधारिएको प्रस्तुतः गर्न खोजे पनि स्कोर भने निकाल्न सकेन। गण्डकीका जय गुरुङले प्रहार गरेका वल पोष्ट माथिबाट बाहिरएको थियो भने गण्डकीले खासै पोष्टचार्ज गर्ने अवसर पाउन सकेन।

काथेरेन्यो क्लबका प्रशिक्षक जुलियो कोभोसले दुबै टिमले राम्रो खेलेको बताउदै नेपालको खेल निकै फाष्ट हुने गरेको बताए। पुनः अवसर पाएमा नेपाल आउने इच्छा भएको उनले जनाए। नेपालीहरुको खेलाडीहरुले एयरवलको पक्ष कमजोरी भएको प्रशिक्षक कोभोसले बताए।

गण्डकी ११ का प्रशिक्षक राजेन्द्र तामाङले विदेशी व्यवसायीक फुटवल टिमसंग आफ्नै मैदानमा खेल्न पाउनु खुसिको कुरा भएको बताए। स्पेनजस्तो देशको खेलमा छोटो समयमा तयार पारेको गण्डकीले सन्तोसजनक खेल खेलेको उनले जनाए। गण्डकीका कप्तान अनिल गुरुङले शारीरिक तथा टेक्निकल रुपमा उनीहरु भन्दा आफुहरु कमजोर भएको बताए। स्पेनको बी डिभिजनको क्लवसंग आफुहरु खेल्दा युवा खेलाडीलाई प्रोत्साहन हुने नेपाली टिमका पूर्व कप्तान समेत रहेका गुरुङले बताए। गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री राजीव गुरुङ समेत गण्डकी ११ को टिमबाट मैदानमा उर्त्रिएका थिए। नेपाली खेलाडीहरुले स्पेनका खेलाडीहरुलाई ढाका टोपी लगाएर स्वागत गरेका थिए। उक्त अवसरमा वक्सिङका पूर्व खेलाडी गणेश भट्टराईले स्पानिस फुटवल क्लवका उपाध्यक्ष रोचालाई मायाको चिनो हस्तान्तरण गरेका थिए।

यस अघि उक्त प्रतियोगिताको राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनाले रेफ्रिलाई बल हस्तान्तरण गर्दै उद्घाटन गरे। कार्यक्रममा बोल्दै उनले स्पेन जस्ता देशका खेलाडीहरु नेपाल आउनु नेपालको खेलकुदमा यसले छुट्टै सम्भावना र विकास गराउन मद्धत पुग्ने बताए। राज्यले खेलकुदमा धेरै लगानी गर्न नसकेको बताउदै उनले नेपालको खेलकुदको विकासमा निजी र खेल संघ तथा राज्यको सहकार्य र विभिन्न संघ संस्थाको समन्वयन हुन आवश्यक भएको बताए। राजनीतिक दलका नेताले पनि अब खेलकुद बुझ्नु पर्ने समय आएको अध्यक्ष तिमिल्सिनाले जनाए। कार्यक्रममा गण्डकी प्रदेशका पर्यटन मन्त्री मणिभद्र शर्मा, कृषि मन्त्री चन्द्र बहादुर बुढा, सांसद खगराज अधिकारी लगायतको सहभागिता रहेको थियो। लुम्बिनी गार्डेन फाउन्डेसनका अध्यक्ष जोसे म्यानुयलले बुद्धको जन्म भुमि नेपालमा आएर फुटबल खेल्दै खेलको माध्यमबाट शान्तिको सन्देश प्रवाह गर्न पाउँदा खुसी लागेको बताए। काथेरेन्यो क्लबका अध्यक्ष कार्लोसले स्पेनको बि डिभिजनको माथिल्लो स्तरको क्लब भएको दाबी गर्दै अब ए डिभिजनको लागि तयारी गरेको जनाए। कास्की जिल्ला फुटवल संघको सहकार्यमा उक्त खेल पोखरामा भएको हो। भोलि विहिबार काठमाण्ठौं ११ संग स्पेनको टोलीले मैत्रिपुर्ण खेल लेन्ने भएको फाउण्डेसनका महासचिव एकराज गिरीले बताए।

# भन्ज्याङ युवा क्लवको भलिवलमा मडुवा टिम पहिलो

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

स्याङजा आँधिखोला गाउँपालिका वडा न १ पंचमूल को म्हाजु भन्ज्याङ युवा क्लबको आयोजनामा पाँच दिने भलिबल प्रतियोगीता बुधवार सम्पन्न भयो। गत पुस ९ गतेदेखि भलिवल प्रतियोगिता सुरु भएको थियो।



प्रतियोगिताको उद्घाटन मेजर डिक काजी गुरुङले गरेका थिए। प्रतियोगितामा १६ टिम सहभागीता भएका थिए। प्रतियोगितामा मडुवा टिम प्रथम, म्हाजु टिम दोश्रो र राप्कोट टिम तेश्रो भएका थिए। प्रतियोगितामा उत्कृष्ट पहिलो दोस्रो, तेस्रो र सान्तवनालाइ क्रमश पचासहजार हजार, तीसहजार र सान्त्वानाहुनेलाइ पाँच हजार सँगै उत्कृष्ट टिमलाई शिल्ड तथा प्रमाण पत्र प्रदान गरिएको छ।

भलिबल प्रतियोगिताको लागि प्रायोजन प्रा डा नरकाजि गुरुङ को भाइहरुले आफ्नो स्व. पिता क्या. मिन प्रसाद गुरुङ आमा देवी कुमारीको सम्झनामा गरेका थिए। प्रमुख अतिथि गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा गणेशमान गुरुङ र विशिष्ट अतिथि शिक्षाविद् प्रा डा विश्वकल्याण पराजुलीको उपस्थितिमा कार्यक्रम भएको थियो। युवा क्लबका अध्यक्ष धन राज गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी द्धय पवनकाजी गुरुङ, देवेन्द्र गुरुङ र धन बहादुर गुरुङले खेलकुदको महत्व बारे प्रकाश पारेका थिए।

# पोखरा...

२०७३ वैशाख १ गते शिलान्यास गर्नुभएको थियो। निर्माणको जिम्मा चिनियाँ निर्माण कम्पनी सिएमसिईले पाएको थियो। तथ्याङ्कअनुसार काठमाडौँ आएका विदेशी पर्यटक मध्ये ४० देखि ४५ प्रतिशत पर्यटक पोखरा आउने गर्दछन्।

नेपाल आएकामध्ये करिब ६० प्रतिशत विदेशी पर्यटक मनोरञ्जनका लागि आउने गरेको र ४० देखि ४५ प्रतिशत पोखरा पुग्ने गरेका छन्। अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै यसले पोखरालाई अन्तर ाष्ट्रिय शहरका रूपमा स्थापित गर्ने विश्वास लिइएको छ।

# पोखरामा...

अध्यक्ष एवं सांस्कृतिक संयोजक चौबहादुर गुरुङले यस बर्ष पनि महोत्सवमा विभिन्न जनजातिको झाँकी, कला संस्कृति झल्कने भेषभुषा सहितको सांस्कृतिक कार्यक्रम प्रस्तुत रहेको बताए। उक्त महोत्सवबाट ८५ लाख आम्दानी गरी ७० लाख खर्च हुने अपेक्षा गरिएको रेवान पोखराले जनाएको छ।

यसैबिच बुधबार पोखराका मेयर धनराज आचार्यले उक्त महोत्सवको उद्घाटन गर्दै पोखराको पर्यटन प्रबर्द्धन गर्न यस्ता मेला महोत्सवले थप सहयोग पुग्ने बताए। जनवरी एक तारिख अर्थात पुष १७ देखि पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल संचालन भएसंगै यसले यस क्षेत्रको विकासमा थप सहयोगपुग्ने दाबी गरे। महोत्सवको अवसरमा विभिन्न जनजातिको झाँकी सहितको र्‍याली प्रदर्शनी गरिएको थियो। महोत्सवमा हेलिकोप्टरबाट पुष्पबृष्टि समेत गरिएको थियो।

# पोखरामा राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

पोखरामा राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता सुरु भएको छ। प्रदेश खेलकुद परिषद, गण्डकीको आयोजनामा कास्की जिल्ला व्याडमिन्टन संघको संचालन तथा व्यबस्थापनमा पोखरा रंगशालाको व्याडमिन्टन कोर्टमा उक्त प्रतियोगिता बुधबार देखि सुरु भएको संघ कास्कीका अध्यक्ष शुसिल कुमार श्रेष्ठले बताए।



यही पुष १६ गतेसम्म चल्ने प्रतियोगिताको उद्घाटन पोखराका मेयर धनराज आचार्यले गरे। कार्यक्रममा बोल्दै उनले गण्डकी प्रदेश राजधानि पोखरामा नवौं राष्ट्रिय खेलकुद सकिए पनि लगातार जसो विभिन्न खेलगतिविधिहरु भई रहेको बतए। मेयर आचार्यले अर्को बर्ष देखि उक्त प्रतियोगितालाई मेयर कपको रुपमा व्यबस्थापन गर्न सुझाव दिए। उक्त अवसरमा नवौं राष्ट्रिय खेलकुदमा कास्य पदक ल्याउने खेलाड तथा प्रशिक्षकलाई सम्मान गरिएको संघ कास्कीका सचिव फडिन्द्र प्रसाद तिमिल्सिनाले बताए। सम्मानित हुने खेलाडीहरुमा भूगोल गुरुङ, बिशाल खड्का, याम कुमारी गुरुङ र विधान अधिकारी रहेका छन भने प्रशिक्षकमा पुनम गुरुङ र नन्दु गुरुङ रहेका छन। त्यस्तै टिमका म्यानेजर इत्छा गुरुङ समेत सम्मानित भए। संघले खेलाडीहरुको टोलीलाई सम्मानको साथमा एक मुष्ट एक लाख ४० हजार बराबरको चेक दिएको हो। मेयर आचार्य, संघका अध्यक्ष श्रेष्ठ राखेप सदस्य राजेश कुमार गुरुङ लगायतले सम्मान गरेका हुन्। प्रतियोगिता अर्न्तगत १२ वटा इभेण्टमा प्रतिष्प्रर्धा हुदै छ। चारवटा कोर्टमा विहिबार पनि बिहान देखि विभिन्न चरणका खेल संचालन हुने भएको संघले जनाएको छ। बुधबारको खेलमा खुल्ला पुरुष एकल तर्फ आर्मीका कविर केसी, एपिएफका क्षितिल खनाल, र कास्कीका भूगोल गुरुङ विजयी भएका छन्। त्यसै गरी पुलिसका पुर्ण बहादुर थापा, एपिएफका विजित थापा मगर, सुर्खेतका अनिल मल्ल, आर्मीका डेबिड थापा मगर, एपिएफका देभराज राना, एपिएफकै सुजन थापा, वुटवलका गणेश राईमाझी, कास्कीका विधान अधिकारी, एपिएफका रोशन साउद बुधबारको खेलमा जित हासिल गरेका छन्। त्यसै गरी बुधबार पुरुष एकल, महिला एकल सहितका विभिन्न विधामा पहिलो चरणको खेलहरु भएको थियो। प्रतियोगितामा काठमाण्डौं, कन्चनपुर, सुर्खेत, उदयपुर, धादिङ, ललितपुर, भोजपुर, सर्लाही लगायतका २५ जिल्लाबाट ३ सय बढी खेलाडीहरु सहभागि भएको कोषाध्यक्ष हुम बहादुर गुरुङले बताए। प्रतियोगिताको खुल्ला पुरुष एकल तथा डवल तर्फको विधामा विजेता खेलाडीको टोलीलाई जनही ५० हजार उक्त इभेण्टमा दोश्रो हुनेलाई ३० हजार र तेश्रो हुनेलाई २० हजार नगदको साथमा शिल्ड मेडल र प्रमाणपत्र वितरण गरिने भएको छ। प्रतियोगिता अर्न्तगत महिला एकल तथा डवल, मिक्स डवल, ३५ बर्ष माथिको डवल पुरुष उमेर समुह, ४५ बर्ष माथि डवल पुरुष, ५५ बर्ष माथि डवल पुरुष तर्फको बिधामा विजेता टोलीहरुले जनही ३० हजार, उपविजेताले जनही २० हजार र तेश्रो हुनेले जनही १० हजारको साथमा शिल्ड मेडल र प्रमाणपत्र वितरण गरिने भएको अध्यक्ष श्रेष्ठले बताए।

जुनियर खेलाडीहरुको प्रोत्साहन गर्ने उद्धेश्यले १२ बर्ष मुनिका खेलाडीहरु सहभागि (यु–१२) र १७ बर्ष मुनिका खेलाडीहरु सहभागि (यु–१७) पुरुष तथा महिला तर्फको विधामा प्रतिष्प्रर्धा हुने भएको छ। उक्त इभेण्टमा विजेता खेलाडीले जनही १५ हजार, दोश्रो हुनेले १० हजार र तेश्रो हुनेले भने ५ हजार नगदको साथमा शिल्ड मेडल र प्रमाणपत्र वितरण गरिने भएको अध्यक्ष श्रेष्ठले जनाए। प्रतियोगितामा एक बर्ष अघि वर्ल्ड र्‍याङकीङमा नम्बर वान खेलाडी प्रिन्स दाहाल, नेपालको नम्बर वान खेलाडी नङसाल तामाङ लगायतका खेलाडीहरु सहभागि भएको सचिव तिमिल्सिनाले बताए।

# कांग्रेस नेता बाँस्तोलाको निधनप्रति दुःख

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

नेपाली कांग्रेस कास्की शाखाले पार्टीको जिल्ला कार्यसमितिका पूर्वकार्यबाहक सभापति विष्णुप्रसाद बाँस्तोलाको निधनप्रति दुःख व्यक्त गरेको छ।



जिल्ला सभापति किशोरदत्त बरालले बुधबार शोक विज्ञप्ति जारी गर्दै बाँस्तोलाको बुधबार बिहान ६४ वर्षको उमेरमा निधन भएको समाचारले पार्टीलाई स्तब्ध बनाएको उल्लेख गर्नुभएको छ। पोखरा महानगरपालिका-९ निवासी उहाँले नेपालको प्रजातान्त्रिक आन्दोलनमा निरन्तर पार्टीको सङ्गठनमा क्रियाशील रही पार्टीका वडातहदेखि जिल्ला तहसम्मको नेतृत्वदायी जिम्मेवारी सम्हाल्नु भएको बताइएको छ।

पोखरा उपत्यका नगर विकास समितिको पूर्वअध्यक्ष र तत्कालीन पोखरा उपमहानगर पालिका-९ को वडाध्यक्षको जिम्मेवारी सम्हाल्नु भएका बाँस्तोला पोखरा बहुमुखी क्याम्पस सञ्चालक समितिको पूर्वअध्यक्ष, महेन्द्र मावी र नवप्रभात मावि व्यवस्थापन समितिको पूर्वअध्यक्ष हुनुहुन्थ्यो। उहाँका एक श्रीमती, एक छोरा र एक छोरी छन्।

बास्तोलाको पार्थिव शरीरमा आजै नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुरेन्द्र पाण्डे र पार्टीका गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले पार्टीको चारतारे झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्नुभएको थियो।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। –गीता

## सम्पादकीय

# अव्यावहारिक छैन राप्रपाका शर्त

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाउन समर्थन गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सरकारमा सहभागी हुने भएको छ। पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनको सभापतित्वमा बुधबार बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले शर्त सहित सरकारमा सहभागी हुने निर्णय गरेको छ। सरकारमा गएर हिन्दू राष्ट्रलगायत आफ्ना मुद्दा स्थापित गर्न भूमिका निर्वाह गर्ने निर्णय राप्रपाले गरेको छ।

पार्टीमा दुई थरी मत थिए। सरकारमा जाने वा वाहिरबाट समर्थन दिने। चुनावमा पराजित भएका बरिस्ठ उपाध्यक्ष रबीन्द्र मिश्र लगायतका नेता सरकारमा जान नहुने पक्षमा थिए।निर्वाचन जितेका सांसदहरू सरकारमा जानुपर्छ भन्नेमा थिए। छ घण्टा चलेको धुम्बाराहीस्थित पार्टी कार्यालयमा बसेको बैठकले सरकारमा सहभागी राजनीतिक दलका न्यूनतम साझा कार्यक्रमको अध्ययन गरेपछि मात्र पार्टी सरकारमा सहभागी हुने बीचको बाटो लिएको छ।

बैठकमा पछिल्लो परिस्थितिमा विकास भएको राजनीतिक अवस्थामा पार्टी सरकारमा सहभागी हुने वा नहुने, पार्टीले अवलम्बन गरेका वैचारिक दृष्टिकोण, राजनीतिक आदर्श तथा राजनीतिक विषयवस्तुलाई स्थापित गर्न नसकिने बिचार पनि आएका थिए।राप्रपाले माओवादीलाई हेर्नु दृष्टिकोण र रबीन्द्र मिश्रले प्रचण्डको बारेमा सामाजिक संजालमा राखेका बिचारले तरङ्ग ल्याएको थियो। पार्टीले निर्वाह गर्नुपर्ने भूमिकाबारे छलफल गरिएको थियो। चुनाव जितेर आएका अधिकांश नेताले सरकारमा सहभागी हुनुपर्ने सुझाव दिएपछि अध्यक्ष राजेन्द्र लिङदेन सरकारमा जाने निर्णय गर्न सहमत भएका छन।

राप्रपा कार्यसम्पादन समितिको बैठक अघि अध्यक्ष लिङदेनले पुर्व राजा ज्ञानेन्द्रसंग भेटघाट भएको कुर उठेका थिए। राज्य संचालन गर्न अनुभवी नेता भएको राप्रपालाई रबीन्द्र मिश्र जस्ता अस्थिर नेताले डोऱ्याउन सक्दैनन् भन्ने स्पष्ट भएको छ। यही पुस १० गते नयाँ सरकार गठनका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको गठबन्धनलाई समर्थन गरे पनि राप्रपाले सरकारमा सहभागी नहुने जनाएको थियो। पार्टीका तर्फबाट प्रतिनिधिसभामा १४ सदस्य छन्। सांसदहरूको चाहना बुझेको राप्रपाले संघ मात्र होइन प्रदेश सरकारमा पनि जाने बाटो खुला भएको छ। राष्ट्रियता, स्वाधीनता, विकास, सुशासन र सेवा प्रवाहसम्बन्धी विषयहरुमा पार्टीका एजेण्डा सरकारका न्युनतम साझा कार्यक्रममा राख्न शर्त राखेको छ। यी शर्तहरुमा सहमत भए राप्रपा सरकारमा सहभागी हुने निर्णय भएको छ।

बैठकले यसको जिम्मेवारी अध्यक्ष लिङदेनलाई दिएको छ। नयाँ सरकारले न्युनतम साझा कार्यक्रम बनाउँदा विकास, सुशासन र सेवा प्रवाहमा सुधार ल्याउने सबैका मुद्दा हुन। राष्ट्रियता, स्वाधीनतालाई नेकपा एमाले र माओवादी केन्द्रले छोड्न सक्दैनन्। एमालेले यिनै मुद्दालाई उठाउदै आएको हो। प्रचण्डले धेरै ठक्कर र हण्डर खाएर तेस्रोपटक प्रधानमन्त्री बनेको हुँदा सबैका भावना समेटेर जाँदा राप्रपाका शर्त नपर्ने ठाउँ नै रहँदैन।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| ककर्ट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# बागलुङ बजारमा ट्राफिक व्यवस्थापनमा चुनौती

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

साँघुरा सडक, बढ्दो सवारी चाप, पैदलयात्रुको जथाभावी सड्क काट्ने बानी। यसले सडक दुर्घटना हुने जोखिम बढ्दो छ। बढ्दो ट्राफिक जामले पछिल्लो समय बागलुङ बजारभित्र छोटो दूरीमा पनि लामो समय लाग्ने गरेको सवारी चालकको गुनासो छ।

सवारी चालकमात्र होइन, सदरमुकामको बढ्दो ट्राफिक समस्याले स्थानीय बासिन्दा र पैदलयात्रु पनि समस्यामा परेको गुनासो गर्छन्। दैनिकजसो हुने साना ठुला दुर्घटनालाई रोक्न, बढ्दो ट्राफिक जामलाई व्यवस्थान गर्न ट्राफिक प्रहरीले नयाँनयाँ तरिका अपनाइ रहेको छ।

सडकको एकतर्फ मात्र आलो पालो पार्किङ गर्ने नियम बनाएको ट्राफिक प्रहरी यतिबेला जेब्रा क्रसिङ तथा लाइन मार्किङको काममा व्यस्त छ। बागलुङ बजारमा बागलुङ नगरपालिकाको सहयोग र जिल्ला ट्राफिक प्रहरी कार्यालयबीचको समन्वयमा जेब्राक्रसिङ तथा लाइन मार्किङको कार्य चलिरहेको छ। विसं २०७४ मा बागलुङका सक्रिय युवाको 'ग्रुप युथ अफ बागलुङ' नामक टोलीले बजारका विभिन्न भिडभाड बढ्ने विभिन्न टोल तथा स्थानमा मार्क लगाएका थिए।

त्यसयता जेब्राक्रसिङ तथा लाइन मार्किङका कार्यमा सरोकारवाला निकायले चासो दिएनन्। बढ्दो ट्राफिक जाम, सवारी दुर्घटनालाई रोक्न पछिल्लो समय व्यस्त चोक तथ टोलमा लाइन मार्किङको काम सुरु गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बागलुङका प्रमुख वरिष्ठ प्रहरी नायब निरीक्षक राजकुमार केसीले जानकारी बताउनुभयो।

केसीले जिल्लामा जाम तथा पार्किङको समस्या आएपछि बजारमा बाटो साँघुरो हुने, पैदलयात्रीलाई असहज हुने र व्यापारीलाई व्यापारमा समस्या रोक्नका लागि मार्किङ र जेब्राक्रसिङको जोड दिएको बताउनुभयो। सडक सुरक्षा व्यवस्थामा सहजताका लागि लगाइएका लाइन मार्कलाई प्रयोगमा ल्याउन विभिन्न टोलमा, शैक्षिक संस्थालगायत स्थानमा पार्किङ व्यवस्थापनसम्बन्धी, दुर्घटनाको न्यूनीकरणका विषयमा ट्राफिक शिक्षा कार्यक्रम चलाइएको उहाँको भनाइ छ। 'बजार साँघुरो भएका कारण ट्राफिक व्यवस्थापनमा केही चुनौती छन्, हामीहरु नगरपालिका, जिल्ला प्रशासनसँग सहकार्य गरेर बागलुङ बजारको सडकमा हिँड्ने यात्रुलाई सहज हुने वातावरण निर्माण गर्दै छौं', केसीले भन्नुभयो, 'साना ठूला सवारीसाधन एकैपटक बजारमा गुड्दा बढी समस्या छ, यो समस्या छिट्टै समाधान गर्नेतर्फ हामी गम्भीर भएर लागेका छौं।'

बागलुङ नगरपालिकाको आर्थिक प्राविधिक र सडक डिभिजन कार्यालय बागलुङको समन्वयमा थालिएको जेब्रा क्रसिङ तथा पार्किङ लाइन मार्क सदरमुकामका विभिन्न १४ वटा टोल तथा चोकका चाक्लो बाटोमा गरिने बागलुङ नगरपालिकाका इञ्जिनियर त्रिलोचन गिरीले बताउनुभयो। नगरपालिकाले दशरथ कन्सट्रक्सन एण्ड सप्लायर्ससँगको ठेक्का सम्झौतामा कार्य सुरु गरिएको इञ्जिनियर गिरीको भनाइ छ।



## शिक्षक आवश्यकता

यस श्री शहिद हरिप्रसाद आधारभूत विद्यालय, माछापुच्छ्रे गाउँपालिका-८, खोरामुख, कास्कीमा रिक्त रहेको प्रा.वि. तह तृतीय श्रेणीको रिक्त दरबन्दीमा करार शिक्षक पदपूर्तीका लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको तपसिल अनुसारको योग्यता पुरा भएको इन्छुक नेपाली नागरिकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

**विज्ञापन नं.:** ०१/०७९/८०

**तह/श्रेणी: प्रावि तृतीय श्रेणी अस्थायी करार** **संख्या: १ जना**

**योग्यता: +१२ सो सरह वा नेपाली विषय लिइ स्नातक तह उत्तीर्णलाई प्रथमिकता**

**आवश्यक कागजातहरु:**

- **नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान**
- **सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान**
- **स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान**

**परीक्षाको किसिम: लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक**

**पाठ्यक्रम: शिक्षक सेवा आयोगको पठ्यक्रम अनुसार**

**दरखास्त दिने मिति:** २०७९/०९/१२ देखि २०७९/०९/२६ गतेसम्म

**निवेदन दस्तुर:** रु १०००।–

**निवेदन दिने स्थान: श्री शहिद हरिप्रसाद आधारभूत विद्यालय, माछापुच्छ्रे–८**

**परीक्षाको मिति: सम्पर्क मितिका दिन तोकिनेछ।**

**सम्पर्क मिति:** २०७९/०९/२६

**सम्पर्क नं.:** ९८४६१८३४८२, ९८४६३९९०४०

**श्री शहीद हरिप्रसाद आधारभूत विद्यालय**

**माछापुच्छ्रे गाउँपालिका वडा नं. ८, खोरामुख, कास्की**


प्रदेश सरकार
पर्यटन, उद्योग तथा आपूर्ति मन्त्रालय
पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
गण्डकी प्रदेश, पोखरा

## फर्म बन्द सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०९/१४

यस कार्यालयबाट मिति २०७७/११/११ मा कास्की जिल्ला पोखरा-१७ मा संचालन गर्ने गरी पोखरा-१७, कास्की निवासी सगुन कुँवरको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. १९४१५/०७७/०७८ को आकंक्षा चाउमिन उद्योग नामक फर्मका प्रोपराईटर श्री सगुन कुँवरले मिति २०७९/०९/१२ मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक वक्यौता लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

# फागुनमा प्रदेशस्तरी हिसान फुटसल प्रतियोगिता, माघमा कास्की छनौट प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

हिसान गण्डकीको आयोजनामा हुने प्रथम फुटसल प्रतियोगिताको कास्की छनौट माघ पहिलो साता हुने भएको छ।

माघ ६, ७ र ८ गते हुने कास्की छनौटमा हिसानमा आवद्ध विद्यालयहरुलाई सहभागीताका लागि हिसानले गण्डकीले आवाहान गरेको छ।

हिसान गण्डकीको सदस्य विद्यालय बिच हुने प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाउन पाउने हिसान कास्कीका अध्यक्ष यामबहादु रोकाले बताए। उनले कास्की जिल्लाबाट ८ टिम छनौट हुने जानकारी दिए। कास्कीबाट ८ र अन्य जिल्लाबाट ८ गरी १६ टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्ने छन्। फागुन पहिलो साता प्रदेशस्तरीय प्रतियोगिता हुने हिसान गण्डकीका अध्यक्ष रमाकान्त बरालले जानकारी दिए। प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने अध्यक्ष बरालले बताए।

कास्की बाहेक गण्डकीका अन्य जिल्लाको छनौट पनि पुस महिनामा सक्ने प्रतियोगिताको व्यवस्थापन गरीरहेको सबिन मेमोरीयल फुटबल क्बलका अध्यक्ष सञ्जय लिगले बताए। उनले कास्की छनौट पोखरा ४ गैरापाटनमा रहेको वि-फिट फुटसलमा हुने बताए। त्यसै गरी प्रदेश स्तरीय प्रतियोगिता भने पोखरा रंगशालामा रहेको मल्टिपल हलमा हुने उनको भनाई छ। सविन मेमोरियल क्बल राष्ट्रिय फुटसल लिगको ए डिभिजन क्बल हो। गत वर्ष पोखरामा भएको राष्ट्रिय फुटसल लिग प्रतियोगितामा देशभरबाट चौथो स्थान हासिल गर्ने सफल भएको थियो। प्रतियोगिताले नयाँ खेलाडीले प्रतिभा देखाउन पाउने प्रतियोगिता संयोजक सन्तोष पराजुलीले बताए।

# प्रजातन्त्रवादी प्राध्यापक संघको अनुसन्धान पत्र प्रस्तुती

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

प्रजातन्त्रवादी प्राध्यापक संघ पृथ्वीनारायण क्याम्पस इकाइको नियमित अनुसन्धानपत्र प्रस्तुतीको सातौं शृङ्खला अन्तर्गत रसायन शास्त्र विभागका उपप्राध्यापक लेखनाथ खनालले 'Synthesis of Silver Nanoparticles Using Roots of Ziziphus Mauritiana and Evaluation of Antioxidant and Antibacterial Activity' शिर्षकको कार्यपत्र प्रस्तुत गर्दै वयँरको जरामा औषधिय गुण हुने र त्यसलाइ चाँदिका कणसँग रसायनिक समिश्रण गर्दा औषधिय गुण बढ्ने दावी गर्नुभयो। बयरको जरालाइ चाँदीको सुक्ष्म कणहरुसँग रासायनिक समिश्रण गर्दा एन्टिब्याक्टेरियल र तनाव नियन्त्रण गर्ने एन्टिअक्सिडेन्ट वनाउन सकिने कुरा समेत उल्लेख गर्नुभयो।

कार्यपत्रमाथि टिप्पणी गर्दै डा. रामजीवन यादवले कार्यपत्र एवं अनुसन्धान दैनिक जिवनोपयोगी भएको चर्चा गर्नुभयो। कार्यपत्रमाथि सह प्राध्यापक भिमनाथ बराल, डा. नवराज न्यौपाने, डा. इश्वरमणी अधिकारी लगायतले कार्यपत्र वा बिभिन्नआयामवारेजिज्ञासाराखेका थिए। प्रजातन्त्रवादी प्राध्यापक संघ पृथ्वीनारायण क्याम्पस इकाइका अध्यक्ष देवीलाल शर्मा तिमिल्सिनाको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन मदनप्रसाद बरालले गरेका थिए।

# 'वि एफ ७' भेरियन्ट बढी संक्रामक

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

छिमेकी मुलुक चीन र भारतमा देखिएको कोरोना भाइरसको नयाँ भेरियन्ट छोटो समयमा नै धेरै व्यक्तिमा संक्रमण गर्ने खालको रहेको बताइएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले छिमेकी मुलुक चीन र भारतमा देखिएको 'वि एफ ७' नामक प्रजातिको नयाँ भेरियन्ट चाँडै नै अरुमा सार्ने खालको रहेको जनाएको छ। मन्त्रालयकै इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले अध्ययनअनुसार कोरोना भाइरसको अरु प्रजातिभन्दा सो भाइरसले धेरै मानिसममा संक्रमण सार्ने बताउनुभयो। उहाँका अनुसार 'वि एफ ७' ले अरु भेरियन्टभन्दा तीन-चारगुणा बढी संक्रमण सार्ने गर्दछ। 'चीन र भारतमा यस किसिमको नयाँ भेरियन्ट फैलिरहेको छ। भारतमा पाँच जनामा देखिएको छ', उहाँले भन्नुभयो, 'भारतमा देखिएकाले हामी सतर्कता अपनाउनुपर्दछ।' नेपालमा भने 'वि एफ ७' नामको नयाँ भेरियन्ट अझै फेला नपरेको मन्त्रालयले जनाएको छ। एक महिनामा देशका विभिन्न ठाउँबाट सङ्कलन गरिएको ४८ नमुनाको जिन सिक्वेन्सिन गर्दा 'वि एफ ७' नामक प्रजातिको भेरियन्ट फेला नपरेको हो। मन्त्रालयले नयाँ भेरियन्टको जोखिम हुन नदिनका लागि नेपाल-भारत सीमानाका र अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल आउने यात्रुको ज्वरो नाप्ने, शङ्कास्पद व्यक्तिको एन्टिजेन परीक्षण र जीन सिक्वेन्सिङ गर्ने कार्य गरिरहेको छ।

नेपालमा अहिले कोरोना भाइरसको सङ्क्रमण घट्दै गइरहेको छ। हिजो पुस ११ गते एक जनालाई मात्र सङ्क्रमण देखिएको थियो। अहिले सक्रिय सङ्क्रमित १० जना मात्र रहेका छन्।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म:
वि. स. १९९१/०५/१४ गते

स्वर्गारोहण:
वि.स. २०७९/०९/११ गते

**स्व: विबा गुरुङ**

सावीक मादी गाउँपालिका, वडा नं. २ ताङतिङ हाल पोखरा महानगरपालिका वडा नं. १३, कमलपोखरी मार्ग टोल विकास संस्था बसोबास गर्दै आउनुभएका संस्था कार्यसमितिका सदस्य सुबेदार डम्बर सिंह गुरुङ/साधारण सदस्य श्रीमती निर्मला गुरुङका ममतामयी माता एवं सासु **विबा गुरुङ**को ८९ वर्षको उमेरमा असामयीक निधन भएको आज पितृ कार्यको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**सु. ईन्द्रबहादुर गुरुङ**
**अध्यक्ष एवं**
**कमलपोखरी मार्ग टोल विकास संस्था परिवार**
**पोखरा-१३**

# सहारा फुटबल एकेडेमीलाई लुम्बिनी विकास बैंकको आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

लुम्बिनी विकास बैंकले सामाजिक उत्तरदायित्व अन्तरगत सहारा एकेडेमी पोखराद्वारा पोखरा - १७ दोबिल्लामा सञ्चालित सहारा फुटबल एकेडेमीलाई आर्थिक सहायोग गरेको छ ।

बैंकले सहारा एकेडेमीका लागि २ लाख ४३ हजार सहयोग हस्तान्तरण गरेको छ । बैंकका सञ्चालक रामचन्द्र सिग्देलले सहारा क्लबका अध्यक्ष हरिराम गुरुङलाई रकमको चेक हस्तान्तरण गरे ।

सिग्देलले सहारा एकेडेमीमा आश्रित बाल-बालिकाहरुलाई सहयोग गर्न पाउनु खुसीको कुरा रहेको बताए । सहाराले निकै राम्रो र प्रशंसनीय कार्य गर्दै आएको भन्दै आगामी दिनमा पनि सहयोगलाई निरन्तराता दिने सञ्चालक सिग्देलले बताए ।

लुम्बिनी विकास बैंकले गरेको सहयोगका लागि आभार प्रकट गर्दै सहारा क्लबका अध्यक्ष गुरुङले सहयोग रकम एकेडेमीमा आश्रित बालकहरुको खाजा र खानाका लागि खर्च गरिने बताए । कार्यक्रममा बैंकका मुख्य प्रबन्धक तथा बजार व्यवस्थापन विभाग प्रमुख दिपक खनाल, छोरेपाटन शाखाका प्रवन्धक प्रकाशचन्द्र पहारी, न्यूरोड शाखाका प्रवन्धक बलबहादुर ढकाल, लेकसाइड शाखाका प्रवन्धक महेन्द्र कुमार श्रेष्ठ, महेन्द्रपुल शाखा प्रवन्धक गोपिराज अधिकारी, क्लबका निवर्तमान अध्यक्ष केशव वहादुर थापा र पूर्व अध्यक्ष विक्रम थकाली लगायतले बैंक र एकेडेमीका बारेमा जानकारी दिएका थिए । एकेडेमीमा हाल १३ जना विपन्न परिस्थितिका बालकहरु छन् । सहारा क्लब पोखराले उनीहरुको लालन - पालन, शिक्षासँगै फुटबल प्रशिक्षण दिंदै आएको छ ।

क्लबले २०६१ सालदेखि एकेडेमी सञ्चालन गरिरहेको छ । लुम्बिनी विकास बैंक लिमिटेडले 'निरन्तर सहयात्रा' भन्ने नाराका साथ उच्चस्तरीय, आधुनिक एवं नविनतम प्रविधिहरु सहितको सुरक्षित बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ । ग्राहकहरुलाई अधिकतम प्रतिफल दिने उद्देश्यले बैंकले मुद्दती खातामा 'मासिक' रुपमा ब्याज प्रदान गर्ने र मल्टिपल धमाका खातामा आफ्नो लगानीलाई दुई गुणा देखि दश गुणासम्म हुने बिशेष योजना समेत कार्यान्वयनमा ल्याएको बैंकका प्रमुख कार्यकारी अधिकृत नरेश सिंह बोहराले जनाए ।

# भैंसीपालनबाट मनग्य आम्दानी

**पोखरापत्र संवाददाता**
**दमौली, १३ पुस**

तनहुँको म्याग्दे गाउँपालिका-४ का कृषक समीक्षा श्रेष्ठले भैंसीपालनबाट मनग्य आम्दानी गर्नुभएको छ ।

"विदेश गएर पसिना बगाउनुभन्दा देशमै श्रम गर्दा आत्मसन्तुष्टि मिल्छ" उहाँले भन्नुभयो, "विदेशमा जत्ति काम स्वदेशमै गर्न सके यहीं मनग्य आम्दानी हुन्छ ।"

बैङ्कबाट ऋण काढेर भैंसीपालन सुरु गर्नुभएका किसान श्रेष्ठले भैसीपालनबाट मनग्य आम्दानी हुन थालेपछि स्वदेशमै सन्तुष्ट रहेको बताउनुभयो । असिम भैसीफार्मका सञ्चालक उहाँले मासिक रु ५० हजार बचत गर्दै आउनुभएको छ ।

उहाँले आठ रोपनी जग्गा भाडामा लिएर भैंसी पालिरहनुभएको छ । प्रति भैसी रु दुई लाख ५० हजारका दरले छ भैंसी खरिद गरेर व्यवसाय सुरु गर्नुभएका उहाँले भन्नुभयो, "विदेशमा गएर श्रम गर्नुभन्दा घरपरिवारका साथ व्यवसाय सुरु गर्दा आनन्द आएको छ ।" आखिर जहाँ गएपनि श्रम गर्नुपर्ने जनाउँदै उहाँले देशमै केही गरौं भन्ने मनसायबाट पशुपालनतर्फ लागेको बताउनुभयो । "स्वदेशमा बसेर के गर्ने भन्ने सोचिरहेको थिएँ, पशुपालनमा राम्रो सम्भावना छ भन्ने सबैको सल्लाहपछि भैसीपालनलाई अगाडी बढाएको छु," उहाँले भन्नुभयो । उहाँको भैंसीफार्ममा अहिले १३ वटा भैसी छन् । भैंसीका लागि आवश्यक घाँसका लागि उहाँले जग्गा भाडामा लिनुभएको छ । उहाँका अनुसार हालसम्म करिब रु ३० लाख लगानी भएको छ । भैंसीफार्मबाट दैनिक ४० लिटर दूध उत्पादन हुने गरेको छ । दूध विक्रीका लागि बजारको समस्या नरहेको किसान श्रेष्ठ बताउनुहुन्छ । "दूधले राम्रो बजार पाइरहेको छ, बजार पाइएन भनेर कहिल्यै चिन्तित हुनपरेको छैन," उहाँ भन्नुहुन्छ, "स्थानीय थर्पु बजार तथा आसपासमा दूध विक्री भइरहेको छ ।" बजार सानो भएपनि दूध विक्रीका लागि समस्या नहुँदा खुशी लागेको उहाँले बताउनुभयो ।

# Jaimini Municipality
## Kushmisera, Baglung
### Gandaki Province, Nepal

## Invitation for Bids

**(Date of Publication: 2079-9-14 BS (2022-Dec-29 AD)**

1. Jaimini Municipality Office, Kushmisera, Baglung invites electronic bids only from eligible bidders for the Road work mentioned in table below under contract.

| S. N. | Name of Work | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc.Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1.1 | Procurement of Jaiminidham Kushmisera Road Construction. (Location: Jaimini-1, Kushmisera) | JM/ BAGLUNG/ NCB/ W/R/4/2079/80 | NRs. 1,94,74,073.66 | NRS 3000 | 4,90,000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्रिय भन्सार एजेन्ट परिषद गठन



**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

अंग्रेजी नयाँ वर्षमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा आउने भएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्रिय भन्सार एजेन्ट परिषद् गठन भएको छ ।

भन्सार एजेन्टहरुको पेशागत हकहित र पोखरेली व्यवसायीको व्यापार सहजिकरणका लागि परिषद गठन गरिएको हो । परिषद्को अध्यक्षमा राष्ट्रिय भन्सार एजेन्ट परिषद् नेपालका संस्थापक सदस्य सुमन तिमिल्सिना रहेका छन् । सिद्धार्थनगर रुपन्देहीका सचिव सागर भण्डारीको विशेष उपस्थितिमा गठन भएको समितिको उपाध्यक्षमा सूर्यबहादुर थापा, सचिवमा सुवास ढकाल र कोषाध्यक्षमा करिश्मा केसी छन् ।

सदस्यमा विष्णुप्रसाद रिजाल, सुवास पौडेल, विजय पौडेल, सुवास लम्साल, केदार पौडेल, सुजाता अधिकारी, अमृत पराजुली चुनिएका छन् । परिषद्ले व्यवसायीका कामकारबाहीमा सहजीकरण गर्ने सिद्धार्थनगर रुपन्देहीका सचिव भण्डारीले बताए । आगामी दिनमा व्यापारीसँग छलफल गरि व्यवसायीका समस्याका लागि हातमा हात मिलाएर अगाडी बढ्ने उनले जानकारी दिए । भन्सार प्रसाशनका सूचनालाई व्यवसायीबिच अध्यावधिक तथा पुलका रुपमा काम गरिने अध्यक्ष तिमिल्सिनाले बताए । पोखरा हवाई मार्गबाट अन्तराष्ट्रिय बजारमा पहुँच पुग्ने भएकाले नियार्तमा जोड दिने सचिव सुवास ढकालको भनाइ छ साथै व्यवसायीलाई ध्यान दिन उनले आग्रह पनि गरे ।

# स्वास्थ्य सर्वेक्षण प्रतिवेदन सार्वजनिक कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ पुस**

पोखरा नर्सिङ क्याम्पस बिएनएस तेस्रो वर्षका विद्यार्थीहरुद्वारा माछापुच्छे गाउँपालिका वडा नं. २, कास्कीको सामुदायिक स्वास्थ्य सर्वेक्षण प्रतिवेदन सार्वजनिक गरिएको छ । बुधबार भुर्जुङ्खोलामा एक कार्यक्रमको आयोजना गरी सवेक्षणकर्ताले सो प्रतिवेदन सार्वजनिक गरेका हुन् ।

नर्सिङ तेस्रो वर्षको पाठ्यक्रमले निर्धारण गरेको पाठ्यभार पूरा गर्ने उद्देश्यका साथ ५ हप्ता लगाएर उक्त वडाका कुल ६५० घरमा पुगी २८६३ जनामा गरिएको स्वास्थ्य सर्वेक्षणको प्रतिवेदन सर्वेक्षणमा सहभागी अनिता मगर, दुर्गा शर्मा, ममता जोशी, मिरा थापा, पुजा सिंह, सन्सिला वस्नेत, सृजना आचार्य, रञ्जना रोका र रमा गुरुङले संयुक्त रुपमा प्रस्तुत गरेका थिए । प्रतिवेदन अनुसार सर्वेक्षण गरिएको क्षेत्रमा प्रजनन स्वास्थ्य शिक्षाको कमी, बालविवाह, धूमपान तथा मद्यपान जस्ता समस्या समाधानमा विशेष पहल गर्नुपर्ने सर्वेक्षणको निष्कर्ष रहेको छ ।

पोखरा नर्सिङ क्याम्पस सामुदायिक स्वास्थ्य विभागका विभागीय सदस्य निशा द्वाले विद्यार्थीहरुले अत्यन्तै जिम्मेवारीपूर्ण तवरबाट कार्यभार सम्पन्न गरेको बताउनुभयो । यसैगरी कार्यक्रममा बोल्दै विशेष अतिथि लायन्स क्लब अफ पोखराका अध्यक्ष बिबेक श्रेष्ठले यस क्षेत्रको जनस्वास्थ्य सुधार र स्वास्थ्य शिक्षामा प्रवर्धन गर्न आफूहरु तयार रहेको बताउँदै यसका लागि विशेष कार्यक्रम तय गरी समन्वय गर्न स्थानीयहरुलाई आह्वान समेत गर्नुभयो । कार्यक्रममा प्रमुख अतिथिको रुपमा मन्तव्य राख्दै श्री माछापुच्छे मा.वि. का सहायक प्रधानाध्यापक यादव प्रसाद रेग्मीले आफ्नै सेवाक्षेत्र र परिवेशको स्वास्थ्य सम्बन्धी वास्तविकता नर्सिङका विद्यार्थीहरुको सर्वेक्षण पछि मात्रै थाहा भएको र यहाँको जनस्वास्थ्यमा देखिएका समस्या समाधानमा सबैले हातेमालो गर्दै अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभयो ।

प्रतिवेदन प्रस्तुतिकरण लगत्तै श्री माछापुच्छे मा विको सभाहलमा सञ्चालित वृहत् स्वास्थ प्रदर्शनी, उच्च रक्तचाप तथा मधुमेहको परिक्षण कार्यक्रमबाट करिब १०० भन्दा बढी स्थानीयवासीले सेवा लिएका थिए ।

सर्वेक्षण टिमकी रिता गौतमको सञ्चालन तथा मिरा थापाको स्वागतमा सम्पन्न भएको कार्यक्रम पोखरा नर्सिङ क्याम्पस सामुदायिक स्वास्थ्य विभागका प्रमुख रिता पाठकको अध्यक्षतामा भएको थियो ।

# मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७९/०९/१४**

यस कार्यालयवाट आह्वान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT and PS सहित) | कैफियत |
|---|---|---|---|---|
| 2/MRM/ NCB/TB/G/ 2079/080 | The Procurement of FABRICATION PACKAGE (Fabricated Steel Parts for Trial Bridge) | Agro Engineering Works Pvt. Ltd. Butwal Industrial District, Rupandehi | NRs. 5569639.18 | Ebidding |

**प्रमुख प्रशासकीय अधिकृत**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



**जन्मः २०५६/०५/१७ गते** **स्वः ओमित श्रेष्ठ** **स्वर्गारोहणः २०७९/०९/०६ गते**

हाम्रो यस ढिकालेथर आमा समूहकी उपाध्यक्ष अञ्जु श्रेष्ठ तथा रोशन श्रेष्ठका जेष्ठ सुपुत्र **ओमित श्रेष्ठ** को २३ वर्षको उमेरमा अकल्पनीय असामयिक दुःखद् निधन भएकोमा हामी अत्यन्तै मर्माहित एव् स्तब्ध भएका छौं । यस दुःखद् घडीमा उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज नवौं दिनको पुण्य तिथिमा शोकाकुल परिवारजन, इष्टमित्र एवं आफन्तजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरुन भन्ने कामनाका साथ भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

**शोभा आचार्य**
**अध्यक्ष**

**एवम्**

**सिता गौतम दाहाल**
**सचिव**

## ढिकालेथर आमा समूह
**गण्डकी प्रदेश, कास्की, पोखरा-१२**